# सूचनाको हक  सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को ३ बमोजिम सार्वजनिक गरिएको विवरण



## २०८० बैशाख देखि असार मसान्तसम्म सम्पादित प्रमुख प्रमुख क्रियाकलापहरु

कर्णाली प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

कर्णाली प्रदेश, सुर्खेत

## सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावलीको, २०६५ को नियम ३ बमोजिम प्रकाशित विवरण

**सूचना सार्वजनिक गर्ने निकायको नामः**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश, वीरेन्द्रनगर सुर्खेत ।

**सूचना सार्वजनिक गरेको अवधिः** २०८० श्रावण देखि २०८० असोजमसान्त सम्म

### १. कार्यालयको स्वरुप र प्रकृति

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश मन्त्रिपरिषद, प्रदेश भित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन, सञ्चार, भ्रष्टाचार नियन्त्रण र संघ र स्थानीय तहसंगको सम्पर्क र समन्वय। कर्णाली प्रदेश, प्रदेश सरकार कार्यविभाजन नियमावली,२०७४मा उल्लेख भए बमोजिम यस कार्यालयको कार्य जिम्मेवारीहरू अन्तर्गत पर्ने कार्यहरू सम्पादन गर्न यस कार्यालयको लागि नेपाल सरकार (मन्त्रिपरिषद्)बाट स्वीकृत भई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २४ मिति २०७५।०४।०९ को पत्रसाथ प्राप्त पछिल्लो संगठन संरचनाले देहायको सङ्गठन संरचनाको व्यवस्था गरेको छ।

**क) दुरदृष्टी**

नेपालको संविधान तथा कानूनद्धारा प्रत्याभूत अधिकार र दायित्व पालना गरी जवाफदेही, पारदर्शी, सहभागितामूलक एवं जनमुखी सेवा प्रवाह मार्फत सुशासन कायम गर्ने।

**ख) उद्देश्य**

प्रदेशको सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, परिणाममुखी, जवाफदेही र जनउत्तरदायी बनाइ प्रदेशको विकास र समृद्धि हासिल गर्ने।प्रदेशमा भरपर्दो, विश्वसनीय, मजबुत सुरक्षा प्रबन्ध मिलाइ शासकीय सबलीकरण गर्ने।

**ग) रणनीतिः**

अन्तर तह, अन्तर निकायको सहकार्य र समन्वयमा प्रदेश सुरक्षा, विकास तथा सुशासनको प्रत्याभूत गर्ने।प्रदेश मातहतका मन्त्रालय तथा कार्यालयहरुको कार्यको समन्वय, सुपरीवेक्षण, अनुगमन तथा मुल्याङ्कन र नियन्त्रण गर्ने।मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्ने। निर्वाचन कार्यमा सहयोग र समन्वय गर्ने। प्रदेशस्तरीय मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वय गर्ने। प्रदेशस्तरमा

सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टी सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमन गर्ने।


**२. कार्यक्षेत्रः**

यस कार्यालयले सम्पादन गर्नेपर्ने कार्यहरु देहायनुसार रहेका छन्

- प्रदेश मन्त्रिपरिषद् तथा मुख्यमन्त्रीको कार्यालय सम्बन्धी कार्य गर्ने।
- प्रदेशभित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने।
- प्रदेश सरकारको कार्यविभाजन तथा कार्य सञ्चालन गर्ने।
- प्रदेश सरकरो नीति तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने।
- प्रदेश सरकारको कार्यसम्पादन नियमावली तर्जुमा र कार्यान्वयन गर्ने।
- प्रदेश मन्त्रालयहरुको कार्यको समन्वय, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन र नियन्त्रण गर्ने।
- प्रदेश मन्त्रिपरिषद निर्णयको कार्यान्वयन र अनुगमन गर्ने।
- प्रदेश मन्त्रिपरिषदमा पेश हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण गर्ने।
- प्रदेश भित्रको राजनीतिक, आर्थिक, सामाजिक, शान्ति सुव्यवस्था एवं प्रशासनिक गतिविधिहरुको अद्यावधिक, जानकारी र सम्बोधन गर्ने।
- मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने।
- सुशासन, भ्रष्टाचार नियन्त्रण र प्रशासन सुधार गर्ने।
- संवैधानिक निकाय तथा आयोग, प्रदेश लोक सेवा आयोग र अन्य संघीय तथा प्रादेशिक आयोगसँगको सम्पर्क र समन्वय गर्ने।
- संघीय सरकारको स्वीकृति बमोजिम द्धिपक्षीय वा बहुपक्षीय स्तरमा भएका सन्धि, सम्झौता वा सहमति कार्यान्वयन गर्ने।
- प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन बनाउने।
- अन्तर प्रदेश परिषद् र संघ तथा अन्य प्रदेश र स्थानीय तहसँगको समन्वय र अन्तसम्बन्ध प्रदेशस्तरका आयोग तथा निकायहरुको गठन एवम् सञ्चालन र पदाधिकारीहरुको नियुक्ति एवम् सेवा, सुविधा सम्बन्धी नीति तथा कनूनको तर्जुमा र कार्यान्वयन गर्ने।
- निर्वाचन कार्यमा सहयोग र समन्वय गर्न।
- प्रदेशस्तरमा मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वयन गर्ने।
- प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालन सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा एवम् कार्यान्वयन र अभिलेख व्यवस्थापन गर्ने।
- प्रदेशस्तरका सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्भेक्षण र व्यवस्थापन परीक्षण गर्ने।

- प्रदेशस्तरीय तालिम नीति तथा मापदण्ड निर्धारण र स्तरीकरण तथा राष्ट्रिय र प्रदेशस्तरको तालिम केन्द्रसँगको सम्पर्क एवं समन्वय गर्ने।
- प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्रही सन्तुष्टि सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमन गर्ने।

**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको संगठनक संरचना**




**४.निकायमा रहने शाखा र प्रदान गरिने सेवाः**

| क स | कार्यजिम्मेवारीहरू | जिम्मेवार महाशाखा |
|---|---|---|

| | | |
|---|---|---|
| १ | प्रदेशमन्त्रिपरिषद् तथा मुख्यमन्त्रीको कार्यालय सम्बन्धी | प्रशासन तथा बैठक महाशाखा |
| २ | प्रदेश भित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन | प्रशासन तथा बैठक महाशाखा |
| ३ | प्रदेश सरकारको कार्यविभाजन तथा कार्यसञ्चालन | प्रशासन तथा बैठक महाशाखा |
| ४ | प्रदेश सरकारको नीति तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन | प्रशासन तथा बैठक महाशाखा |
| ५ | प्रदेश सरकारको कार्यसम्पादन नियमावली तर्जुमा र कार्यान्वयन | कानून तथा संवैधानिक मामिला महाशाखा |
| ६ | प्रदेश मन्त्रालयहरुको कार्यको समन्वय, सुपरिवेक्षण, अनुगमन तथा मुल्याङ्कन र नियन्त्रण | प्रशासन तथा बैठक महाशाखा |
| ७ | प्रदेश मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन | प्रशासन तथा बैठक महाशाखा |
| ८ | प्रदेश मन्त्रिपरिषदमा पेश हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण | कानून तथा संवैधानिक मामिला महाशाखा |
| ९ | प्रदेशभित्रको राजनीतिक, आर्थिक, सामाजिक, शान्ति सुव्यवस्था एवं प्रशासनिक गतिविधिहरुकोअद्यावधिक जानकारी र सम्बोधन | प्रशासन तथा बैठक महाशाखा |
| १० | मानवअधिकारको संरक्षण र प्रवर्द्धन | कानून तथा संवैधानिक मामिला महाशाखा |
| ११ | सुशासन, भ्रष्टाचार नियन्त्रण र प्रशासन सुधार | शासकीय सुधार तथा समन्वय महाशाखा |
| १२ | संवैधानिक निकाय तथा आयोग, प्रदेश लोक सेवा आयोग र अन्य संघीय तथा प्रादेशिक आयोगसँगको सम्पर्क र समन्वय | कानून तथा संवैधानिक मामिला महाशाखा |
| १३ | संघीय सरकारको स्वीकृति बमोजिम द्विपक्षीय वा बहुपक्षीय स्तरमा भएका सन्धि, सम्झौता वासहमति कार्यान्वयन | शासकीय सुधार तथा समन्वय महाशाखा |
| १४ | प्रदेशप्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन | प्रशासन तथा बैठक महाशाखा |
| १५ | अन्तरप्रदेश परिषद र संघ तथा अन्य प्रदेश र स्थानीय तहसँगको समन्वय र अन्तरसम्बन्ध | शासकीय सुधार तथा समन्वय महाशाखा |
| १६ | प्रदेशस्तरका आयोग तथा निकायहरुको गठन एवम् सञ्चालन र पदाधिकारीहरुको नियुक्ति एवम् सेवा, सुविधा सम्बन्धी नीति तथा कानुनको तर्जुमा र कार्यान्वयन | प्रशासन तथा बैठक महाशाखा |

| | | |
|---|---|---|
| १७ | निर्वाचन कार्यमा सहयोग र समन्वय | शासकीय सुधार तथा समन्वय महाशाखा |
| १८ | प्रदेशस्तरीय मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वयन | प्रशासन तथा बैठक महाशाखा |
| १९ | प्रदेशनिजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालन सम्बन्धी नीति, कानुन तथामापदण्ड तर्जुमा एवम् कार्यान्वयन र अभिलेख व्यवस्थापन | शासकिय सुधार तथा समन्वय महाशाखा |
| २० | प्रदेशस्तरका सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षण | शासकीय सुधार तथा समन्वय महाशाखा |
| २१ | प्रदेशस्तरीय तालिम नीति तथा मापदण्ड निर्धारण र स्तरीकरण तथा राष्ट्रिय र प्रदेशस्तरका तालिम केन्द्रसँगको सम्पर्क एवं समन्वय | शासकीय सुधार तथा समन्वय महाशाखा |
| २२ | प्रदेशस्तरमासार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टिसर्वेक्षण तथा सेवा प्रवाहको अनुगमन | शासकीय सुधार तथा समन्वय महाशाखा |
| २३ | गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालयको व्यवस्था सम्बन्धी कानून तर्जुमा | कानून तथा संवैधानिक मामिला महाशाखा |

**५. निकायबाट सम्पादन हुने कार्यहरु**

- प्रदेश सरकार सञ्चालनका लागि आवश्यक ऐन, नियम, कार्यविधि, मापदण्ड आदि तर्जुमा गर्ने गराउने।
- संवैधानिक व्यवस्थाअनुसार नेपाल सरकार तथा स्थानीय तहसँग समन्वय गर्ने।
- प्रदेश सरकार र मातहत निकायबाट कार्यजिम्मेवारी अनुसारका नीति, कार्यक्रम तर्जुमा, बजेट व्यवस्था तथा कार्यान्वयनको व्यवस्था मिलाउने।
- प्रदेश सरकार र मातहत निकायबाट सम्पादित कार्यहरुको अनुगमन, मुल्याङ्कन तथा निर्देशन गर्ने।
- प्रदेश सरकारका संगठन तथा जनशक्ति व्यवस्थापन गर्ने।
- संविधान तथा प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार कार्यालयको कार्यजिम्मेवारीका कार्यहरु गर्ने।

**६. निकायमा रहने कर्मचारीहरुको संख्या र कार्य विववरण**

| क्र.सं | कर्मचरीको नाम थर | पद | कार्यरत शाखा | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | श्री चुडामणि पौडेल | प्रमुख सचिव | | ९८५८००४४४४ |
| २ | श्री आनन्द सारु | सचिव | शासकिय सुधार तथा समन्वय महाशाखा | ९८५१२२९३०१ |
| ३ | श्री विष्णुप्रसाद कोइराला | प्रदेश सचिव | प्रशासन तथा बैठक महाशाखा | |
| ३ | श्री शंकर के.सी. | सचिव कानून | कानून तथा संबैधानिक मामिला महाशाखा | ९८५११९९६३६ |

| | | | | |
|---|---|---|---|---|
| ४ | श्री नेत्र बहादुर कार्की | अधिकृत नवौं | माननीय मुख्यमन्त्रीज्यूको सचिवालय | ९८४९२१३३८९ |
| ५ | श्री बीरेन्द्र बहादुर के सी | उप सचिव | कानून तथा संबैधानिक मामिला महाशाखा | ९८४३०१७४१३ |
| ६ | श्री कृष्णप्रसाद खरेल | उप सचिव | शासकीय सुधार शाखा | ९८५८०४४५६८ |
| ७ | श्री देवीलाल सापकोटा | शाखा अधिकृत | मानब अधिकार प्रवद्धन शाखा | ९८५१२३३०७७ |
| ८ | श्री युवराज न्यौपाने | शाखा अधिकृत | योजना अनुगमन तथा आर्थिक पूर्वाधारशाखा | ९८४७०६८९१३ |
| ९ | श्री राम बहादुर सारु | अधिकुतस्तर सातौ | शासकीय सुधार शाखा | ९८४८०४८२२३ |
| १० | श्री गिता बरै मगर | शाखा अधिकृत | प्रशासन तथा मानव संशाधन विकास | ९८४८०४१५९६ |
| ११ | श्री सर्वदल शाही | शाखा अधिकृत | प्रशासन शाखा | ९८४८०५०३४० |
| १२ | श्री सरस्वती सापकोटा | शाखा अधिकृत | अभिलेख शाखा | ९८४९६३१९०९ |
| १३ | श्री टेक बहादुर वली | शाखा अधिकृत | अभिलेख शाखा | ९८५८३२०६२४ |
| १५ | श्री पार्वती वली | अधिकृतस्तर छैठौं | शासकीय सुधार शाखा | ९८४८००३१६८ |
| १६ | श्री नवराज शर्मा | अधिकृतस्तर छैठौं | माननीय मुख्यमन्त्रीज्यूकोनिजी सचिवालय | ९८४८०६१६९२ |
| १७ | श्री अर्जुन पौडेल | अधिकृतस्तर छैठौं | प्रमुख सचिवज्यूको सचिवालय | ९८४८०५१६१२ |
| १८ | श्री ज्योती शाही | कम्प्युटर अधिकृत छैठौं | सूचना संचार तथा समन्वय शाखा | ९८४८१७९२१८ |
| १९ | श्री भुवन कंडेल | कम्प्युटर अधिकृत छैटौं | प्रशासन तथा बैठक महाशाखा | ९८४८०७५८३४ |
| २० | श्री रत्ना पौडेल | अधिकृतस्तर छैठौं | सूचना संचार तथा समन्वय शाखा | ९८६८६४४६०१ |
| २१ | श्री चक्र बहादुर थापा | नायब सुब्बा | अभिलेख शाखा | ९८५८०५००१८ |
| | | | | |
| २१ | श्री संदिप शर्मा | कम्प्यूटर सहायक पाँचौं | बैठक शाखा | ९८४८१४०६७५ |
| २२ | श्री चन्द्र बहादुर मन्दिर | कम्प्यूटर सहायक पाँचौं | माननीय मुख्यमन्त्रीज्यूकनिजी सचिवालय | ९८४८२३०३१२ |
| २३ | श्री विनोद रेग्मी | सहायकस्तर पाँचौं | कानून महाशाखा | ९८६६७०८७०८ |
| २४ | श्री दलबहादुर बुढा | सहायकस्तर पाँचौ | प्रशासन शाखा | ९८४८०६८९३७ |
| २५ | श्री नविन ढकाल | सहायकस्तर पाँचौं | योजना अनुगमन तथा आर्थिक पूर्वाधारशाखा | ९८४८०८८८९७ |
| २६ | श्री निरञ्जना रेग्मी | सहायकस्तर पाँचौ | प्रशासन शाखा | ९८४८१५७१९५ |
| २७ | श्री कालिप्रसाद पौडेल | सहायकस्तर पाँचौं | माननीय मुख्यमन्त्रीज्यूको निजी सचिवालय | ९८४८०४७५४४ |
| २८ | श्री दुर्गा बराल मगर | कम्प्युटर सहायक पाँचौ | अभिलेख शाखा | ९८४४८६३१७३ |
| २९ | श्री शोभा वास्कोटा | सहायकस्तर पाँचौं | प्रशासन शाखा | ९८६८१०९३८५ |
| ३० | श्री प्रदिप बस्नेत | सहायकस्तर पाँचौ | प्रशासन शाखा | ९८४४८०५१४४ |
| ३१ | श्री दिपेन्द्र कुमारसिंह | लेखा सहायक | आर्थिक प्रशासन शाखा | ९८६८०३१७६८ |
| ३८ | श्री ढुण्डीराज खरेल | हलुका सवारी चालक | ह.स.चा | ९८६६५३८८८८ |
| ३९ | श्री तिलक प्रसाद ज्ञवाली | हलुका सवारी चालक | ह.स.चा | ९८४८१५६५२४ |
| ४० | श्री सागर भट्टराई | हलुका सवारी चालक | ह.स.चा | ९८४८२८१२०४ |
| ४२ | श्री टेक वहादुर थापा | हलुका सवारी चालक | ह.स.चा | ९८६८१०२४५० |
| ४३ | श्री खेम बहादुर सिंह ठकुरी | हलुका सवारी चालक | ह.स.चा. | ९८४८१७४५८६ |
| ४४ | श्री सोनम चौधरी | कार्यालय सहयोगी | का.स. | ९८४८१६९९६६ |
| ४५ | श्री मोहन सिंह खड्का | कार्यालय सहयोगी | का.स. | ९८४८२३२११९ |
| ४६ | श्री दुर्गा प्रसाद रताला | कार्यालय सहयोगी | का.स. | ९८४४८९१६३६ |

| | | | | |
|---|---|---|---|---|
| ४७ | श्री कौशिला थापा | कार्यालय सहयोगी | का.स. | ९८४८०८५५५७ |
| ४८ | श्री सीता सार्की | कार्यालय सहयोगी | का.स. | ९८४८०७९०९२ |
| ४९ | श्री हरिलाल गौतम | कार्यालय सहयोगी | का.स. | ९८४८०३७५९४ |
| ५० | श्री गौरी रावत | कार्यालय सहयोगी | का.स. | ९८२२४६२११० |
| ५१ | श्री पार्वती खड्का | कार्यालय सहयोगी | का.स. | |
| ५२ | श्री विरिन्दा धमला | कार्यालय सहयोगी | का.स. | ९८६८७६८२७६ |

**७. सेवा प्राप्त गर्दा लाग्ने दस्तुर र अवधिः**

यस कार्यालयबाट प्रवाह गरिने सबै सेवा निःशुल्क रुपमा प्रवाह गरिने।

**८. निकाय प्रमुख र सूचना अधिकारी नाम र पद**

**प्रमुखः** प्रमुख सचिव श्री चुडामणि पौडेल

**सूचना अधिकारीः** उपसचिव श्री कृष्णप्रसाद खरेल

**९. सम्पादन गरेको कामको विवरण**

- ❑ मा० मुख्यमन्त्रीको अध्यक्षतामा २०८० श्रावण १ गते देखि त्रैमासिक अवधिमा कर्णाली प्रदेश सरकारका विभिन्न मन्त्रालयहरु, सचिवालय तथा आयोगहरुबाट सम्पादन भएका कार्यहरु पत्रकार सम्मेलनबाट सार्वजनिक गरि कार्यालयको वेवसाइटमा प्रविष्ट गरेको।
- ❑ कर्णाली प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक कर्णाली प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्नक लागि मन्त्रिपरषद्मा पेश गरेको।
- ❑ मानव अधिकार तथा कानून सचेतना कार्यक्रम चारवटा जिल्लाको पाँचवटा स्थानीय तहका माध्यमिक विद्यालयहरुमा सञ्चालन गरियो।
- ❑ कर्णाली प्रदेशका ७वटा जिल्लाका प्रदेश स्तरका सबै कार्यालयहरुको स्थलगत निरीक्षण तथा मूल्याङ्कन गरी नमूना कार्लायल छनौट सम्बन्धी मापदण्ड बमोजिम कार्यालयको स्तर निर्धारण गरि प्रतिवेदन तयार गर्ने कार्य भइरहेको।
- ❑ स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धी विधेयक तर्जुमा गर्न र कर्णाली प्रदेश सरकार र स्थानीय तहबीच समन्वय, विवाद समाधान सम्बन्धी तर्जुमा गर्न सैद्धान्तिक स्वीकृतीका लागि मन्त्रिपरिषद्मा पेश भएको।
- ❑ श्रावणबाट असोजसम्म कार्यालयबाट सरुवा सहमती-२२ जना, अवकाश तथा राजीनामा- १९ जना, अध्ययन पूर्व स्वीकृती, अध्ययन विदा, वेतलबी विदा र असाधारण विदा-२४ जना, वैदेशिक भ्रमण

सिफारिस-१७ पटन विभिन्न मन्त्रालय/कार्यालयमा कार्यरत कर्मचारीहरुलाई, कर्णाली प्रदेश अन्तर्गत विभिन्न मन्त्रालय/निर्देशनालय/कार्यालयहरुमा सरुवा- ७० जना

- कर्णाली प्रदेश लोकसेवा आयोगबाट प्रदेश/स्थानीय तहका लागि सिफारिस भई आएका नयाँ कर्मचारीहरुको सिटरोल फाराम दर्ता गर्ने कार्य भइरहेको। जसमा श्रावण १ देखि असोज मसान्तसम्म स्थानीय तहमा १९१ र प्रदेश तहमा ११८ जना नवनियुक्त कर्मचारीहरुलाई अस्थायी सिटरोल नम्बर प्रदान गरिएको।
- प्रदेश सरकारका मा. मुख्यमन्त्री तथा मा. मन्त्रीज्यूहरुको Online Entry गरी यस कार्यालयमा ८ थान सम्पत्ति विवरण खामबन्दी रहेको।
- कर्णाली प्रदेश सरकारको संगठन तथा व्यवस्थापन परीक्षण अन्तिम चरणमा पुगेको।

## मुख्यमन्त्री तथा मन्त्रपरिषद्को कार्यालयबाट मन्त्रिपरिषद्मा पेश भएका निर्णयहरु

### कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८० साल साउन २ गते मंगलबारको बैठकबाट भएका निर्णयहरु

| क्र.स. | प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृती प्रदान गर्ने। |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेश सरकार र स्थानीय तहबीच समन्वय, विवाद समाधान सम्बन्धी तर्जुमा गर्न सैद्धान्तिक स्वीकृती प्रदान गर्ने। |
| ३. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | वीरेन्द्रनगर नगरपालिका, वडा नं. ७ मा रहेको नक्सा सिट नं. ०२९ ११२९१० कि.नं. ४ को क्षेत्रफल १२६५८.६० वर्गमिटर जग्गा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ बमोजिम कर्णाली प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लगायत प्रदेश मन्त्रालयको एकीकृत प्रशासकीय भवन निर्माण गर्नको कर्णाली प्रदेश सरकार,मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई उपलब्ध गराइदिन सम्बन्धित निकाय मार्फत नेपाल सरकार समक्ष सिफारिस तथा अनुरोध गर्ने। |

| | | |
|---|---|---|
| ४. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | कर्णाली प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्ने बनेको विधेयक, २०८० लाई प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने। |
| ५. | भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | प्रादेशिक प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने। |

**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८० साल साउन ३ गते बुधबारको बैठकबाट भएका निर्णयहरु**

| प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक कर्णाली प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेश सरकारका माननीय मुख्यमन्त्री राजकुमार शर्मालाई आगामी सेप्टेम्बर १ देखि २, २०२३ स्वीट्जरल्याण्डको जुरिचमा आयोजना हुने छलफलमा सहभागि हुनका लागि नेपाल सरकार मन्त्रिपरिषद्को स्वीकृतिका लागि अनुरोध गर्ने। |
| जलस्रोत तथा उर्जा विकास मन्त्रालय | कर्णाली प्रदेशको विद्युत सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश स्वीकृति प्रदान गर्ने |
| सामाजिक विकास मन्त्रालय | कर्णाली प्रदेश स्वास्थ्य सेवा नियमावली, २०८० स्वीकृत गर्ने। |

**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८० साल साउन २६ गते शुक्रबारको बैठकबाट भएका निर्णयहरु**

| क्र.सं. | प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | माननीय मुख्यमन्त्रीको प्रमुख प्रशासनिक सल्लाहकार (विज्ञ) लाई नियुक्ति भएको मितिदेखि लागू हुने गरी नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणी, सहसचिव वा सो सरहको दैनिक भ्रमण भत्ता उपलब्ध गराउने। |

| | | |
|---|---|---|
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | यसैसाथ संलग्न अवधारणापत्र बमोजिम कर्णाली समृद्धि सम्बन्धी विधेयक तर्जुमा गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सैद्धान्तिक स्वीकृति प्रदान गर्ने। |
| ३. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश निजामती सेवा पुरस्कार मापदण्ड तथा कार्यविधि (पहिलो संशोधन) नियम, २०८० स्वीकृत गर्ने। |
| ४. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश निजामती सेवा पुरस्कार मापदण्ड तथा कार्यविधि नियम, २०७७ को दफा ४ को उपदफा (१) को खण्ड (घ) बमोजिम प्रदेश निजामती सेवा पुरस्कार सिफारिस समितिको सदस्यमा नेपाल सरकारको सेवा निवृत्त सह-सचिव श्री बालाराम शर्मालाई तोक्ने। |
| ५. | भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | "कर्णाली प्रदेश पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८०" स्वीकृत गर्ने। |
| ६. | भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | कर्णाली प्रदेश निर्वाचन क्षेत्रगत पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८० स्वीकृत गर्ने। |

## कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८० साल साउन ३१ गते बुधबारको बैठकबाट भएका निर्णयहरु

| क्र.सं. | प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| ७. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, रा.प. द्धितियउपसचिव, श्री दीर्घ बहादुर पोखरेललाई आर्थिक मामिला तथा योजना मन्त्रालयको कायम मुकायम प्रदेश सचिवको जिम्मेवारी तोक्ने। |

## कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८० साल भदौ ०३ गते आइतबारको बैठकबाट भएका निर्णयहरु

| क्र.सं. | प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्कोकार्यालय | प्रदेश निजामती सेवा पुरस्कार मापदण्ड तथा कार्यविधि नियम, २०७७ को दफा ५ को खण्ड (ट) बमोजिम यसैसाथ संलग्न विवरण बमोजिमका प्रदेश निजामती सेवा |

पुरस्कारको लागि कर्मचारीको नामावली स्वीकृत गर्ने।

**सर्वोष्कृट प्रदेश निजामती सेवा पुरस्कार**

| क्र.सं. | नाम,थर | पद | कार्यरत निकाय |
|---|---|---|---|
| १. | शंकर बहादुर के.सी. | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश, सुर्खेत |

**उत्कृष्ट प्रदेश निजामती सेवा पुरस्कार**

| क्र. सं. | नाम थर | पद | कार्यरत निकाय |
|---|---|---|---|
| १. | डा. सुशिल पोखरेल | अधिकृत आठौं | रुकुम अस्पताल, रूकूम पश्चिम |
| २. | प्रदिप बस्नेत | सहायक पाँचौ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश, सुर्खेत |

**प्रदेश निजामती सेवा पुरस्कार**

| | | | |
|---|---|---|---|
| १. | खेमराज आचार्य | अधिकृत आठौं | कर्णाली प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश, सुर्खेत |
| २. | अन्जु चौधरी | अधिकृत सातौं | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत |
| ३. | प्रविण कार्की | इन्जिनियर/सातौं | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत |
| ४. | हिरा पुन | सि अन मी | स्वास्थ्य सेवा कार्यालय, रुकूम पश्चिम |
| ५. | कृष्ण रोकाय | अधिकृत छैटौं | आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत |
| ६. | जमानसिंह परियार | अधिकृत छैटौ | पूर्वाधार विकास निर्देशनालय, सुर्खेत |
| ७. | ङ्वान लामगेल लामा | सव इन्जिनियर/पाँचौ | खानेपानी, सिचाई तथा खानेपानी कार्यालय, हुम्ला |
| ८. | वीरचन्द्र रोकाया | कार्यालय सहयोगी | आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | प्रदेश, सुर्खेत |
| २ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्कोकार्यालय | कर्णाली प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ को दफा ३ को उपदफा (२) को खण्ड (ग) बमोजिम सल्यान जिल्ला, कालागाउँ-५ स्थायी ठेगाना भएका श्री जीतबहादुर शाहलाई कर्णाली प्रदेश योजना आयोगको विज्ञ सदस्यमा नियुक्ति गर्ने। | | | |
| ३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्कोकार्यालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रदेश सचिव श्री विष्णु प्रसाद कोइरालालाई कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशकको रूपमा कामकाज गर्न खटाउने। | | | |
| ४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | यस मन्त्रालयको खर्च शिर्षक नं २२५२२ क्रियाकलाप संकेत नं. २.७.२५.६५ बाट कर्णाली प्रदेश स्थापनार्थ सहिद हुनुभएका टिकाराम गौतम, गोपालसिं रजवार, याम बहादुर वि.सी. र हरिबहादुर कुँवरको परिवारको हकवालालाई सम्मान स्वरुप प्रतिव्यक्ति पच्चिस हजार रुपैयाँका दरले आर्थिक सहयोग उपलब्ध गराउने। | | | |
| ५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | (१) यसै साथ संलग्न पाना ३ बमोजिम आर्थिक वर्ष २०७९/०८० मा सवारी साधन कर वापत प्रदेश सरकाले उठाएको रकममध्ये चालिस प्रतिशतले हुन आउने रकमकोबाँडफाँट बमोजिमको रकम स्थानीय सञ्चित कोषमा जम्मा गर्न प्रदेश लेखा नियन्त्रक कार्यालयलाई स्वीकृति प्रदान गर्ने।<br>(२) आर्थिक वर्ष २०८०/८१ मा सवारी साधन कर वापत प्रदेश सरकारले उठाउने रकमको चालिस प्रतिशतले हुन आउने रकम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको ढाँचा बमोजिम बाँडफाँट गरी मासिक रुपमा स्थानीय सञ्चित कोषमा जम्मा गर्नप्रदेश लेखा नियन्त्रक कार्यालयलाई स्वीकृति प्रदान गर्ने। | | | |

**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८० साल भदौ ०८ गते शुक्रबारको बैठकबाट भएका निर्णयहरु**

| क्र.सं. | प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषको कार्यालय | कर्णाली प्रदेश नमुना कार्यालय छनौट मापदण्ड, २०८० स्वीकृत गर्ने। |
| २ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | कर्णाली प्रदेश प्रसारण (पहिलो संशोधन)नियमावली, २०८०लाई स्वीकृति प्रदान गर्ने। |
| ३ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | कर्णाली प्रदेश पत्रकारिता पुरस्कार वितरण कार्यविधि, २०८०"लाई स्वीकृति प्रदान गर्ने। |
| ४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | नेपाल प्रहरी विशेष सुरक्षा गण, कर्णाली प्रदेश (हाल नेपालगञ्ज) लाई स्थानान्तरण गर्न रकम उपलब्ध गराउने सम्बन्धी प्रस्ताव स्वीकृतगर्ने। |

| | | |
|---|---|---|
| ५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | आर्थिक वर्ष २०८०/८१ को बजेटमा छुट भएका विभिन्न कार्यक्रमको लागि बजेट व्यवस्थापन गर्ने। |
| ६ | आर्थिक मामिला तथा योजना मन्त्रालय | प्रदेश सरकारले स्थापना गर्ने लघुवित्त वित्तीय संस्थाको पुँजी संरचनामा देहायबमोजिम गर्ने,<br>(क) कर्णाली प्रदेश सरकार र स्थानीय तहहरूको संयुक्त लगानीमा स्थापना गरिने लघुवित्त वित्तीय संस्थाको अधिकृत पुँजी ५० करोड राख्ने।<br>(ख) लघुवित्त वित्तीय संस्थामा कर्णाली प्रदेशका स्थानीय तहहरुले आवश्यकता र सामर्थ्य अनुसार लगानी गर्ने गरी प्रदेश सरकारले पहिलो चरणमा रू. २५ करोड लगानी गर्ने। |
| ७ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | वन तथा वातावरण मन्त्रालयको संघ पुल दरवन्दीमा रही प्रदेशमा कार्यरत नेपाल वन सेवा जनरल फरेष्ट्री समुहका रा.प. अनं. द्धितिय श्रेणीका फरेष्टर कर्मचारीहरुलाई प्रदेशमा समायोजन मिलानका लागि नँया दरवन्दी सृजना गर्ने। |

**नियमावली/निर्देशिका/कार्यविधि/मापदण्डहरुको सूचीः**

## आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

**चालुतर्फको जम्मा** **बजेटः** १७,५२,२३,०००।०० **खर्चः** ३,०१,१०,७९७।३९

**बाँकीः** १४,५१,१२,२०२।६०

**पुँजिगततर्फको जम्मा** **बजेटः** ६९,८२,०००।०० **खर्चः** ७,९०,५५९।००

**बाँकीः** ६१,९१,४४१।००